# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्ड: ५, भाग: १, संख्या: २३ , मिति: २०७९ साल असार १८ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारएको जानकारीको लागि प्रकाशन गरिएको छ।

**विनियोजन ऐन, २०७९**

**<u>आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**प्रस्तावना :**

कञ्चन गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन आवश्यक भएकोले नेपालको संविधानको धारा २२९(२) बमोजिम कञ्चन गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम विनियोजनऐन, २०७९ रहेको छ ।

(२) यो ऐनसम्वत् २०७९ साल श्रावण १ गते देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/८० को निमित्त स्थानीय सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसूचिमा उल्लेख भए बमोजिम स्थानीय संचित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूचिमा उल्लिखित चालू खर्च र अनुसूचिमा उल्लिखित पुँजीगत खर्च गरी जम्मा रकम रू.६८,४९,९८,०००/- (अक्षरूपी अठसठ्ठी करोड उनन्पचास लाख अन्ठानब्बे हजार) मात्र र मूल कोषमा अन्य जुनसुकै स्रोतबाट प्राप्त भई शीर्षक तोकिएकोमा तोकिए बमोजिम र नतोकिएकोमा गाउँ कार्यपालिकाको निर्णय भन्दा नबढ्ने गरी नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त अनुसूचिमा उल्लिखित कार्यहरूको निमित्त बजेट विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम अनुसूचिको विभिन्न शीर्षकमा सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा नपुग हुने देखिन आएमा कार्यपालिका बैठकले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकबाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च वेहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर,

क. एउटै शीर्षकको बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जुनसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

ख. चालुबाट पुँजीगत शीर्षकमा रकम कार्यपालिकाबाट चालु शीर्षकमा सार्दा गाउँसभा

ग. बाट सार्न सकिनेछ ।

घ. पुँजीगत बाट चालु शीर्षकमा रकमान्तर गर्न गाउँसभाका बहुमत सदस्यको स्वीकृत आवश्यक पर्ने छ ।

४. समपुरक कोष वापत छुट्याइएको रकम सोकी शीर्षकमा खर्च हुन नसक्ने भएमा गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार खर्च गर्न सकिने छ ।

**५. वित्तिय अनुशासन सम्बन्धी व्यवस्था :**

(१) यस गाउँपालिकालेउ उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान लगायतका बजेट वक्तव्य सँगै आउने अनुसूचि अनुसारका लागु र पुँजीगत शीर्षक र उपशीर्षकहरू खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्दा देहायका कुराहरू पालना हुने गरी गरिने छ ।

क. संघीय सरकारको आर्थिक र वित्तिय नीति अनुशरण गर्ने,

ख. सबै आय आफ्नै सञ्चित कोषमा दाखिला गर्ने,

ग. अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्ने,

घ. पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्ने,

ङ. आय-व्ययको वर्गीकरण तथा लेखाङ्कन संघीय सरकारले निर्धारण गरे बमोजिम राख्ने।

**६. अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था :**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधिनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकार प्राप्त अधिकारीलाई प्रदान गरिने छ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अधिकारीको आधारमा कोष तथा लेखा नियन्त्रण कार्यालयले गाउँपालिकालाई अनुदान तथा अन्य विनियोजन भएको रकम निकासा दिनेछ।

**७. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :**

(१) यस ऐनको कार्यान्वयन गर्न कञ्चन गाउँपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड कञ्चन राजपत्रमा प्रकाशन गरिने छ।

**८. आदेश जारी गर्न सक्ने :**

(१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा कञ्चन गाउँपालिकाले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश कञ्चन राजपत्रमा प्रकाशन गरिने छ।

## अनुसूचि-१
## (दफा २ सँग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९(२) बमोजिम
## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | सामाजिक सुरक्षा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | २८,२५,६३०००.०० | २३,२४,३५,,०००.०० | १७,००००००.०० | ६८,४९,९८,०००.०० |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| कुल जम्मा | | | २८,२५,६३,०००.०० | २३,२४,३५,,०००.०० | १७,००००००.०० | ६८,४९,९८,०००.०० |

आज्ञाले
काशीराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत